नेपाल सरकार
संङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय
**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय**

जि. प्र. का. द. नं.: ०४७/०६३/६४

# प्रतिलिपि अधिकार बुलेटिन
Copyright Bulletin

सूचना तथा सचेतनाका लागि

**नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको चौमासिक प्रकाशन**

फागुन ३०, २०६८ Volume 6, Issue 17 March 13, 2012

## यस भित्र

प्रतिलिपि अधिकार कानून ........ २

प्रतिलिपि अधिकार संरक्षणमा.......... ३
(लेख)

प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा....... ४
(लेख)

संगीत विधामा प्रतिलिपि अधिकार..... ५
(लेख)

क्षेत्रीय अन्तरक्रिया......... ६

नयाँ प्रचार सामग्री उत्पादन......... ६

प्रहरी अधिकृतहरुलाई तालीम ७

रचना दर्ता ८

कार्यालयको अनुरोध ८

**सम्पादक समूह:**

**प्रधान सम्पादक: बिसु कुमार के.सी.**

**सम्पादक: विश्वबन्धु पौडेल**

**सम्पादक: अनिल राज शर्मा**

**डिजाइन तथा कम्प्युटर**

**रत्नकाजी महर्जन**

**दिपेन्द्र कक्षपती**

www.nepalcopyright.gov.np

यदि तपाईंसँग बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार एवं तत्सम्बन्धी अधिकारका विषयमा कुनै कानूनी वा अन्य जिज्ञासा भएमा आफूलाई लागेका प्रश्नहरु हामीलाई लेखी पठाउनुहोला । यस बुलेटिनका आगामी अङ्कहरुमा तपाईंका प्रश्नहरुको उत्तर दिने प्रयास गर्नेछौं ।

धन्यवाद ॥

# प्रतिलिपि अधिकार तथा तत्सम्बन्धी अधिकार विषयक राष्ट्रिय सेमिनार




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय तथा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को सहआयोजना तथा जापान कपिराइट अफिस (JCO) को सहयोगमा "National Seminar on Copyright and Related Rights" विषयक दुई दिवसीय सेमिनार मिति २०६८ मंसिर १३ र १४ गते काठमाडौंमा सम्पन्न भयो ।

सेमिनारमा विभिन्न मन्त्रालय, विभाग, रोयल्टी संकलन संस्थाहरू, प्रतिलिपि अधिकार संरक्षण समाज, संगीत उद्योग संघ लगायत प्रतिलिपि अधिकारसँग सरोकार राख्ने व्यवसायी तथा गैर सरकारी संघ, संस्था, स्वतन्त्र बुद्धिजिवी एवं प्राध्यापकहरू समेतको सहभागिता थियो । यस सेमिनारको मुख्य उद्देश्य प्रतिलिपि अधिकार र तत्सम्बन्धी अधिकारका विभिन्न पक्षमा सहभागीहरूलाई जानकारी दिने, प्रतिलिपि अधिकारको संरक्षणको आवश्यकता र महत्व सम्बन्धमा सचेतना जगाउने, अन्तर्राष्ट्रिय जगतमा प्रतिलिपि अधिकार सम्बन्धमा भएको विकास तथा अभ्यासको जानकारी गराई नेपालमा प्रतिलिपि अधिकार कार्यान्वयनको अवस्था सुधारका लागि उपयुक्त सुझावहरू दिने रहेको थियो ।

राष्ट्रिय सेमिनारको सुभारम्भ सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका माननीय मन्त्री गोपाल किराँतीज्यूको प्रमुख आतिथ्यतामा भएको थियो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै मा. मन्त्री गोपाल किराँतीले नेपाल सरकार स्रष्टाहरूको अधिकार संरक्षण प्रति निकै सजग रहेको बताउनु भयो । वहाँले नेपाल जस्तो भरखरै प्रतिलिपि अधिकारको क्षेत्रमा बामे सर्दै गरेको मुलुकको प्रतिलिपि अधिकार सम्बन्धी व्यवस्थालाई सुदृढ बनाउन सहयोग पुग्ने कार्यक्रम आयोजना गरेकोमा विश्व बौद्धिक सम्पत्ति संगठत (WIPO) र जापान कपिराइट अफिस (JCO) दुबै संस्थाहरू प्रति आभार व्यक्त गर्नु भयो । कार्यक्रममा मन्त्रालयका श्री सचिव दिनेशहरि अधिकारीले नेपाल सरकार सदैव स्रष्टाहरूको हितमा सक्रिय रहने प्रतिबद्धता जनाउनु भयो । वहाँले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै यो कार्यक्रमले सहभागीहरू मात्र नभई समग्र नेपाली प्रतिलिपि अधिकारको क्षेत्र लाभान्वित हुने विचार व्यक्त गर्नु भयो ।

बाँकी पृष्ठ ७ मा



**स्रष्टा, सर्जक, कवि, कलाकार सबको हित देश विकास प्रतिलिपि अधिकार ।**

# प्रतिलिपि अधिकार कानून कार्यान्वयन विषयक क्षेत्रीय गोष्ठी

चितवन जिल्लाको भरतपुरमा २०६८ माघ १९ गते प्रतिलिपि अधिकार कानून कार्यान्वयनको अवस्था र सरोकारवालाको भूमिका विषयक क्षेत्रीय गोष्ठी सम्पन्न भयो ।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको आयोजनामा भएको सो कार्यक्रमका सहआयोजकहरू संगीत रोयल्टी संकलन समाज नेपाल, नेपाल गायन समाज र नेपाल संगीत उद्योग संघ थिए । गोष्ठीमा कानून कार्यान्वयन गर्ने निकायका पदाधिकारीहरू तथा स्रष्टा, साहित्यकार, गीत संगीतका रचनाकार, सञ्चारकर्मी तथा पत्रकारहरू समेत गरेर १२५ जनाको सहभागिता रहेको थियो ।

गोष्ठीको उद्घाटनसत्रको अध्यक्षता वरिष्ठ साहित्यकार श्री प्रेम विनोद नन्दनज्यूले गर्नु भएको थियो भने प्रमुख अतिथि नेपाल सरकारका सचिव एवं साहित्यकार तथा कवि श्री दिनेशहरि अधिकारीले गर्नु भएको थियो । गोष्ठीलाई उद्घाटन सत्र, कार्यपत्र प्रस्तुति तथा छलफल र समापन गरी चार भागमा विभाजन गरी सञ्चालन गरिएको थियो ।

प्रमुख अतिथि एवं सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिव श्री दिनेशहरि अधिकारीले पानसमा बत्ती बाली कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । गोष्ठीलाई सम्बोधन गर्दै प्रमुख अतिथि सचिव श्री दिनेशहरि अधिकारीले सिर्जनाकारले कसलाई कति अधिकार प्रयोग गर्न पाउने भनी अधिकार दिएको छ, त्यतिमात्र प्रयोगकर्ताले प्रयोग गर्न सक्छ । त्यस भन्दा बढी गर्नु वा स्वीकृति नलिई प्रयोग गर्नु बौद्धिक सम्पत्तिको चोरी गर्नु हो भन्नु हुँदै चोरी गर्नेलाई "चोर" नभनि दिंदा चोरी अझ बढेको विचार व्यक्त गर्नु भयो । गोष्ठी समुद्घाटन पश्चात् संगीत रोयल्टी संकलन समाजका महासचिव श्री भरत शाक्यले कुनै पनि सिर्जना सार्वजनिक भइसकेपछि त्यसको प्रतिलिपि अधिकार पालना हुन आवश्यक रहेको भन्दै प्रतिलिपि अधिकार भनेको सिर्जना उपर सर्जकको आफ्नो स्वामित्व स्थापित हुनु हो भन्ने मन्तव्य राख्नु भएको थियो । वहाँले गीतकार, संगीतकारको अधिकार संरक्षण गर्न संगीत रोयल्टी संकलन समाज स्थापना भएको र यसले रोयल्टी संकलन गरी वितरण गर्ने कार्य गर्छ भनी जानकारी गराउनु भयो ।

जिल्ला अदालत चितवनका न्यायाधीश भोलानाथ चौलागाइले प्रतिलिपि अधिकारयुक्त रचनाहरू प्रयोग गर्न सर्जकको मञ्जुरी लिएर मात्र गर्नु




पर्ने अन्यथा दण्ड सजायको भागी हुनु पर्ने तथ्यमाथि सबैलाई सचेत गराउनु भयो ।

चितवनका प्रजिअ. श्री गणेशराज कार्कीले कानून कार्यान्वयन गर्ने निकायमा कार्यरत कर्मचारीहरूले मात्र नभएर सबैले आ-आफ्नो सिर्जनाको संरक्षणमा चनाखो हुनु पर्ने अवस्था आएको छ भन्नु भयो । उहाँले प्रतिलिपि अधिकार उल्लंघन भएको उजुरी आएमा कानून बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाउने दृढता समेत व्यक्त गर्नु भयो ।

उद्घाटन सत्रमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले सम्पूर्ण सहभागीलाई स्वागत गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो । उहाँले प्रतिलिपि अधिकारको अर्थ जसको रचना र सिर्जना उसैको सम्पत्ति हो र त्यसमा स्रष्टा सर्जक कै अधिकार हुन्छ भन्ने तथ्य जानकारी गराउनु भयो । यस क्षेत्रमा कार्यरत सबैलाई सँगसँगै लैजाने उद्देश्यले कार्यक्रम आयोजना भएको तथ्यमाथि प्रकाश पार्दै प्रतिलिपि अधिकारबारे सरोकारवालाहरू सबै सुसूचित हुन र सबै पक्ष अधिकार संरक्षण प्रति चनाखो रहन आग्रह समेत गर्नु भयो ।

नेपाल गायन समाजका महासचिव लोचन भट्टराईले गायक/गायिकाको रोयल्टी निर्धारण र वितरण गर्न गायन समाज स्थापना भएको र वर्तमान परिप्रेक्ष्यमा यसले संगीत रोयल्टी संकलन समाजसँग मिलेर काम गरिरहेको जानकारी गराउँदै प्रतिलिपि अधिकारको पालना सबैबाट हुनु पर्दछ भन्ने मन्तव्य राख्नु भयो ।

यसै गरी मन्तव्य दिने क्रममा नेपाल संगीत उद्योग संघका अध्यक्ष श्री पद्म बुढाले CRBT डाउनलोड प्रक्रियाले संगीतकार, गीतकार र गायकलाई केही राहत पुगेको तर यसको व्यवस्थापनले पूर्णता पाउन नसकेको अवस्था दर्शाउनु भयो । प्रतिलिपि अधिकारको क्षेत्रमा रहेका स्रष्टा सर्जकहरू कति सेवामूलक छन्, तिनको पहिचान गर्नु पर्छ । अनधिकृत डाउनलोड नियन्त्रण गर्नु पर्छ र त्यसका लागि डाउनलोड केन्द्रको व्यवस्था गरी रोयल्टी उठाउनु पर्छ भन्नु भयो ।

साहित्यकार श्री निमेष निखिलले अरूको सिर्जना नक्कल गर्दै एउटाको पारिश्रमिक अर्कोले खाने गरेको अवस्था आउन थालेको भन्दै सर्जकका मौलिक रचनालाई प्रोत्साहन दिन आग्रह गर्नु भयो ।

उद्घाटन कार्यक्रम समापन गर्दै कार्यक्रमका सभापति एवं वरिष्ठ गीतकार श्री प्रेमविनोद नन्दनले गीत संगीतको क्षेत्रमा बढ्दो पाइरेसी नियन्त्रण गर्न सकेमा स्रष्टाले आफ्नो सम्पत्ति संरक्षण भएको ठान्ने विचार व्यक्त गर्नु भयो ।

दोश्रो सत्रमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले "प्रतिलिपि अधिकार संरक्षणमा कार्यालयको भूमिका र प्रमुख गतिविधिहरू" विषयमा र संगीत रोयल्टी संकलन समाज नेपालका महासचिव श्री भरत शाक्यले "प्रतिलिपि अधिकार र रोयल्टी संकलन समाजको भूमिका" विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नु भएको थियो ।

प्रस्तुत कार्यपत्रमा टिप्पणी गर्दै वरिष्ठ साहित्यकारहरू निमेश निखिल र श्री प्रेम विनोद नन्दनले नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, रोयल्टी संकलन समाज र कानून कार्यान्वयन गर्ने संस्था बीच समन्वय बढाउनु पर्ने, प्रतिलिपि अधिकार चोरीमा प्रहरीमा जाने प्रचलन कम रहेको र रेडियोमा बज्ने गीतमा स्रष्टाको नाम उल्लेख अनिवार्य बनाउनु पर्ने टिप्पणी गर्नु भयो ।

# प्रतिलिपि अधिकार संरक्षणमा स्रष्टाहरूको भूमिका

लेख



अनिल राज शर्मा

**पृष्ठभूमिः**

प्रतिलिपि अधिकार कुनै पनि सिर्जनाका सर्जकलाई उसको मौलिक सिर्जना वापत कानूनद्वारा प्रदान गरिने अधिकार हो । प्रतिलिपि अधिकार कुनै पनि रचना सार्वजनिक हुने वित्तिकै प्राप्त हुन्छ तथा यसका लागि कुनै निकायमा दर्ता भइरहनु पर्दैन । साहित्य, कला, ज्ञानविज्ञान, सूचना प्रविधि आदि क्षेत्रमा मौलिक रूपमा गरिएको रचनाको उत्पादन, पुनरूत्पादन, प्रसारण, संयोजन, अनुवाद, परिमार्जन लगायतका कार्य गर्ने अधिकार स्रष्टालाई प्रदान गरिएको हुन्छ । वृहत अध्ययन, ठूलो लगानी र निरन्तरको बौद्धिक अभ्यास स्वरूप सिर्जित रचनाका सर्जकलाई संरक्षण गर्नु राज्यको कर्तव्य हो । सिर्जनाको प्रयोग गरे वापत आर्थिक, सामाजिक प्रतिफल प्राप्त गर्ने वातावरण निर्माण गरी देशमा स्रष्टा सर्जक तथा उद्यमीलाई सिर्जनाका लागि प्रोत्साहन गर्न उनीहरूलाई अधिकार सम्पन्न गर्नु पर्छ भन्ने मान्यताबाट प्रतिलिपि अधिकारको व्यवस्था भएको हो । नेपालमा पनि प्रतिलिपि अधिकार ऐन, २०५९ तथा नियमावली, २०६१ ले प्रतिलिपि अधिकारलाई व्यवस्थित गरेको छ ।

**सामूहिक व्यवस्थापनको अभ्यासः**

प्रतिलिपि अधिकार कानूनले अधिकार उपयोगमा प्रतिलिपि अधिकार धनीलाई नै परिचालन गर्ने प्रयत्न गरेको छ । आर्थिक रूपले सर्जकहरूलाई सम्पन्न बनाउन उनीहरूकै सामूहिक व्यवस्थापन संगठन निर्माण गरी सो मार्फत रोयल्टी संकलन तथा वितरण गर्ने, अधिकार चोरी भएमा प्रहरीमा उजुरी दिई अदालतबाट न्याय प्राप्त गर्ने अधिकारको प्रत्यभूति कानूनले गरेको छ ।

प्रतिलिपि अधिकार बौद्धिक सम्पत्ति हो । यसलाई भौतिक सम्पत्ति जस्तै बिक्री गर्न, हक हस्तान्तरण गरेर दिन र भाडामा दिन सकिन्छ । तसर्थ आफूमा निहित अधिकार कुन हदसम्म स्वयंले प्रयोग गर्ने तथा कति अधिकार अरूलाई प्रयोग गर्न दिने भन्ने निर्णय प्रतिलिपि अधिकार धनी स्वयंले निर्धारण गर्नु पर्दछ । त्यसैले प्रतिलिपि अधिकार धनीले प्रस्तोता, रेकर्डिङ्ग संस्था, प्रकाशक तथा प्रसारण संस्थाहरूलाई आफ्नो रचना प्रयोग गर्न अधिकार दिंदा किटानी सहित सर्तहरू उल्लेख गरेर करार गरी दिनु पर्दछ ।

सिर्जना प्रयोग गरे वापत रोयल्टी उठाई वितरण गर्न तथा प्रस्तोता, रेकर्डिङ्ग संस्था तथा प्रसारण संस्थालाई अधिकार दिन सबै सर्जकहरू वेग्लावेग्लै जान सम्भव हुँदैन । त्यसैगरी रोयल्टी दिने व्यक्ति वा संस्था पनि सबै सर्जक सामु पुग्न सक्दैनन् । त्यसैले यसका लागि सर्जकहरूकै सहभागितामा सामूहिक व्यवस्थापन संगठन निर्माण गरी सोहि मार्फत रोयल्टी संकलन तथा वितरण गर्ने कार्य गरिन्छ । यसका साथै प्रतिलिपि अधिकार उल्लंघनको अवस्थामा र समयानुकुल थप अधिकार व्यवस्थापनका लागि सामूहिक प्रयास परिचालन गर्न रोयल्टी संकलन संस्थाहरूको महत्वपुर्ण भूमिका हुन्छ । नेपालमा पनि एउटा विधामा एउटा रोयल्टी संकलन संस्था गठन गर्न सक्ने कानूनी व्यवस्था छ । वास्तवमा रोयल्टी संकलन संस्थाको क्रियाशीलतामा स्रष्टाहरूको लाभ निर्भर रहेको हुन्छ । त्यसैले हरेक स्रष्टा/सर्जकहरूले सामूहिक व्यवस्थापन संगठन (CMO) मार्फत देखाउने क्रियाशीलता र गर्ने व्यवहारबाट आफ्नो हकहितको संरक्षणको हद निर्धारण गरेको हुन्छ भन्न सकिन्छ । त्यसैगरी रोयल्टी संकलन संस्थाद्वारा निर्माण/निर्धारण भएको मापदण्ड अनुसार रोयल्टी प्राप्त हुने, संस्था मार्फत कानूनी कारवाहीमा जाँदा कम आर्थिक दायित्वले पुग्ने, संस्थागत प्रयासबाट नै रोयल्टी संकलनको दायरा वढ्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच पुऱ्याई आर्थिक लाभ प्राप्त हुने हुँदा सबै स्रष्टा, सर्जक, उद्यमीको मुख्य प्रयास रोयल्टी संकलन संस्थालाई प्रजातान्त्रिक पद्धतिबाट अगाडि वढाउँदै सामूहिक रूपमा एकबद्ध भएर लैजानु नै हो ।

समूहबद्ध स्रष्टाहरूको संस्था आफैमा एउटा विशाल शक्ति हो, जसले समान उद्देश्य बोकेका व्यवसायीहरूलाई संरक्षण र प्रोत्साहन गर्दै आफ्नो हक अधिकार प्रति जागरूक र जिम्मेवार बन्न प्रोत्साहन गर्दछ । यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल निर्माण गर्न सरल हुन्छ ।

**प्रतिलिपि अधिकारको संकेतः**

प्रतिलिपि अधिकारजन्य वस्तुको सिर्जना भएपछि सर्जकहरूले आफ्नो रचना दर्ता गरी प्रमाणित गराई राख्ने, दर्ता नभए पनि उत्पादन मिति, उत्पादन प्रति तथा रचनामा सहभागी सबैको नाम उल्लेख गर्ने, प्रतिलिपि अधिकार चिन्ह © को प्रयोग गर्ने तथा अरूलाई अधिकार हस्तान्तरण गरी दिंदा लिखित विषयमा स्पष्ट करार गर्ने तथा आर्थिक अधिकार अरूलाई दिएको अवस्थामा पनि नैतिक अधिकारको प्रयोग गर्ने बानीको विकास गराए अज्ञानता वस भइरहेका विवादहरू कम हुन जान्छ ।

**कानूनी कारवाहीमा अग्रसरताः**

नेपालको वर्तमान प्रतिलिपि अधिकार कानूनले अधिकारका क्षेत्रमा सरकारको भूमिका समन्वयकारी तथा नियामक रहने परिकल्पना गरेको छ । त्यसैले स्रष्टाहरूले समूहबद्ध भई सरकारी क्षेत्रसँगै सहकार्य र सहभागिता बढाउँदै साझेदारीतर्फ उन्मुख हुनु पर्दछ । मूलतः नागरिक चेतनास्तर बृद्धि गर्दै बौद्धिक सम्पत्ति पनि अन्य सम्पत्ति सरह हो र यसको चोरी गर्न पनि कानूनत चोरी हो भन्ने सन्देश आम नागरिकलाई प्रवाह गर्ने तथा प्रतिलिपि अधिकार चोरी (नक्कल वा उल्लंघन) गर्ने उपर प्रहरीमा उजुरी गर्ने बानी विकास गर्नु पर्छ । चोरलाई चोर भन्ने तथा सजाय दिलाई क्षतिपूर्ति समेत लिन प्रहरीमा उजुरी गर्नु अपरिहार्य हुन्छ । कानूनले छिटो छरितो न्याय दिन प्रतिलिपि अधिकार सम्बन्धी अपराधमा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाई मुद्दाको किनारा गर्नु पर्ने कानूनी व्यवस्था गरेको हुँदा अदालत र न्याय प्रतिको विश्वास बलियो बनाउँदै अधिकार हननमा आवाज उठाउने बानीको विकास गर्नु पर्दछ ।

प्रतिलिपि अधिकार ऐनलाई समय सापेक्ष सुधार गर्दै विश्वमा प्रचलित मान्यता र प्रयोगलाई आन्तरिकीकरण गर्न वहश र पैरवी गर्ने काम पनि स्रष्टाहरूले अगाडि बढाउँनु पर्दछ ।

**सार्थकताः**

अन्तमा, बौद्धिक सम्पत्ति पनि अन्य सम्पत्ति जस्तै हो । यसको संरक्षण गरी सिर्जनाकारलाई अधिकतम लाभ पुऱ्याउनुका साथै बौद्धिक लगानीमा सुनिश्चितता दिई चोरी तथा दुरूपयोग रोक्दै सिर्जनामा आधारित उद्योगको विकास गर्नु आजको आवश्यकता हो । विश्वमा प्राकृतिक स्रोत घट्दो क्रममा छ । त्यसैले भएका स्रोतलाई नवीन प्रविधिमा प्रयोग गराउन, ज्ञानमा आधारित उद्योगको भूमिका दिन प्रति दिन बढ्दै गएको सन्दर्भमा एकातिर स्रष्टा सर्जक र आविष्कारकहरूले आफ्नो अधिकारको उपयोग र व्यवस्थापन गर्न आफै अघि सर्न आवश्यक छ भने सिर्जनात्मक र आविष्कारमूलक कार्यहरूलाई पनि बढाएर लैजानु त्यत्तिकै आवश्यक देखिन्छ ।

### अन्तर्राष्ट्रियस्तरमा रोयल्टी संकलनमा बृद्धिः

रचनाकार तथा संगतिकारहरूको संस्थाहरूको अन्तर्राष्ट्रिय महासंघ (CISAC) ले गत जनवरी महिनामा प्रकाशित गरेको आर्थिक सर्भेक्षणले सन् २०१० मा संसारभर रोयल्टी संकलन ५.५ प्रतिशतले बढेको देखाएको छ । सन् २००९ मा यस्तो रोयल्टी संकलन बृद्धि १.७ प्रतिशत मात्र भएको थियो । CISAC अन्तर्गतका १२१ मुलुकका २३२ स्रष्टाहरूको समाजले पठाएको तथ्यांक अनुसार सन् २०१० मा झण्डै साढेसात अरब यूरो रोयल्टी संकलन भएको देखिन्छ ।

स्रोतः www.cisac.org

लेख

# प्रतिलिपि अधिकार सम्बन्धी मुद्दाको अनुसन्धान तथा मुद्दा दायरी प्रक्रिया



थानेश्वर भट्ट
(वरिष्ठ अधिवक्ता)

बौद्धिक क्षमता, प्रतिभा, सिर्जनशीलता, ज्ञान, सीप, विवेक प्रयोग गरी रचना गरिएका विषय मूल स्रष्टाको व्यक्तिगत सम्पत्ति हुन् । त्यसमा खलल पर्ने गरी उल्लंघन गर्ने विरूद्ध राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रिय प्रयास भएका छन् । सन् १८८६ मा स्वीट्जरल्याण्डको बर्नमा अन्तर्राष्ट्रिय सन्धि भएको थियो । (Berne Convention for the Protection of Literacy and Artistic Works- 1886) । हाम्रो देशमा लागू रहेको प्रतिलिपि अधिकार ऐन, २०२२ लाई खारेज गरी अन्तर्राष्ट्रिय जगतको साझेदार बनेको नेपालले २०५९।४।३० मा राजपत्रमा सूचना प्रकाशित गरी प्रतिलिपि अधिकार ऐन, २०५९ लागू गऱ्यो । उक्त ऐन कार्यान्वयनका लागि २ वर्ष पश्चात् प्रतिलिपि अधिकार नियमावली २०६१।४।१८ मा राजपत्रमा प्रकाशन गरेको छ । विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता जस्तै बर्न महासन्धि, व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी सम्झौताको पक्ष बनेको हुनाले पनि सोही परिवेशमा कानून नियम बन्न र प्रतिलिपि अधिकार संरक्षण गर्नु ठूलो दायित्वभित्र पर्दछ । त्यसैले प्रतिलिपि अधिकार ऐन र नियमावलीले पर्याप्त व्यवस्था र कानून संरक्षणका विविध उपाय तोकेको पाइन्छ ।

मूल रचनाकार चाहे कुनै क्षेत्रमा पनि होस् कला, संस्कृति, साहित्य, संगीत, डिजाइन लगायतका सिर्जनात्मक रचनात्मक ज्ञान सीपका अभिव्यक्ति मौलिक रचनाकारको आर्थिक नैतिक संरक्षण गर्ने विश्वव्यापी संरक्षण अनिवार्य गर्ने अन्तर्राष्ट्रिय गतिविधि भएका छन् र नेपाल यसको सहभागी छ, त्यसैले प्रतिलिपि अधिकार रक्षाका लागि सशक्त कानूनी व्यवस्था पनि गरेको छ ।

प्रतिलिपि अधिकार उल्लंघनलाई ऐनको दफा ३७ मा नेपाल सरकार वादी हुने शिर्षक अन्तर्गत दफा २७ र २८ अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारवादी हुनेछ र सो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा परेको मानिनेछ । यस ऐन अन्तर्गतको मुद्दाको अनुसन्धान र तहकिकात कम्तिमा प्रहरी निरीक्षकले गर्नेछ । यी कानूनी व्यवस्थाका सम्बन्धमा विश्लेषण आवश्यक छ । ऐनको दफा १ ले दफा २७ र २८ लाई मात्र सरकारवादी भनेको छ । उपदफा २ ले यस ऐन अन्तर्गत भनि दफा रहित व्यवस्था गर्दछ । दोश्रो शब्दमा ऐनको दफा २७ र २८ बाहेक पनि प्रतिलिपि अधिकार सम्बन्धी कसूर र दण्डको व्यवस्था छ । यस्तो अवस्थामा दफा २७ र २८ बाहेकको कसूरमा मुद्दा दायरी प्रक्रिया नै विवादग्रस्त बन्न सक्दछ ।

दफा २७ र २८ लाई सार रूपमा उल्लेख गर्दै संरक्षित अधिकार उल्लंघन गरेमा दण्ड सजाय भनि दफा २५ उल्लंघनका विषय सीमित गरेको छ । दफा २५ ले संरक्षित अधिकार उल्लंघन भएको मानिने विभिन्न अवस्था उल्लेख भएका छन् । त्यसका लागि १० हजारदेखि १ लाखसम्म जरिवाना वा ६ महिनासम्म कैद दोश्रो पटकदेखि दोब्बर सजाय तोकिएको छ । यो तजवीजी अधिकार मुद्दाको प्रकृतिमा निर्भर रहन्छ । त्यस्तै दफा २६ मा अनधिकार प्रतिलिपिहरूको पैठारीमा प्रतिवन्ध लगाइएको छ, त्यसका लागि ऐनको दफा २८ मा सजायको व्यवस्था छ । यस सम्बन्धी मुद्दा दायरीका लागि सम्बन्धित प्रहरी निरीक्षकले तहकिकात गरी सरकारी वकिल मार्फत जिल्ला अदालतमा पेश गर्ने कानूनी व्यवस्था छ । अनुसूची-१ अन्तर्गतका मुद्दा तहकिकात गर्ने सम्बन्धमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ मा व्यवस्था छ र त्यसमा प्रहरी सहायक निरीक्षकलाई पनि अधिकार प्रदान भएको छ । प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा बाहेक भनेर दफा ७ ले केही उल्लेख गरेको पाइदैन । मर्का पर्ने व्यक्ति वा पक्षले अन्य मुद्दाहरू जस्तै जाहेरी दिएमा मुद्दाको कारवाही अघि बढ्छ र सम्बन्धित जिल्ला अदालतमा दायर भई सजाय र क्षतिपूर्तिको दावी हुन सक्छ । उल्लेख्य मुद्दाका रूपमा मिहिर कुमार ठाकुरको जाहेरीले नेपाल सरकार वादी विरूद्ध भेषजंग बादल भएका मुद्दामा नेपाली संविधान र राजनीति निर्णायक घटना र मोड पुस्तकलाई The King Versus the People पुस्तक नामाकरण गरी ऐनको दफा २५(१) (क) र (ग) को कसूर गरेकोले प्रतिवादीलाई दफा २७ (२) बमोजिम रू. ५०,०००।- जरिवाना हुने र दावीको पुस्तकको मूल्य २७ यू.एस. डलर Revised Price NRs. २०० भन्ने देखिएकोले ७ लाख क्षतिपूर्ति भराई दिने फैसला भएको पाइन्छ । तर दावीका सबै मुद्दाहरूमा कसूर ठहर भएको छैन । यस संक्षिप्त कार्यपत्रमा विवरण उल्लेख सम्भव पनि छैन, तर दावी नपुग्ने कारणहरूमा यकिन दावी हुन नसकेको आधारहरू छन् । त्यस्तै रजिष्ट्रारलाई हक-वेहक छुट्याउने अधिकार नभएको समेत कृष्णलाल भट्टराई विरूद्ध क्रिष्टोफर ईभान समेतका मुद्दामा बोलिएको पाइन्छ ।

ऐनको दफा ३४ मा अनधिकार प्रतिलिपिको पैठारी रोक्ने सम्बन्धी भंसार अधिकृतको अधिकार अन्तर्गत दफा २६ उल्लंघन भएको सम्बन्धमा निज समक्ष निवेदन दिन सक्ने र मनासिव देखिएमा १० देखि २० कार्यदिनसम्म रोक लगाउन सक्ने निवेदन नै नभए पनि स्वयं भंसार अधिकृतले बढीमा २० कार्यदिन रोक्न सक्ने अधिकार छ । तर उक्त कार्यवाही सरकार वादी नमानिने ऐनको दफा ३७ ले स्पष्ट गर्दछ ।

रोयल्टी सम्बन्धी उजूरी सुन्ने रजिष्ट्रारको अधिकार दफा ३०(२) (ख) मा स्पष्ट गरिएको छ । त्यसमा चित्त नबुझ्ने पक्ष दफा ३१ अन्तर्गत रजिष्ट्रारको कार्यालय रहेको पुनरावेदन अदालत समक्ष पुनरावेदन दिन सक्ने व्यवस्था छ ।

ऐनको दफा २९ मा अन्य सजाय शिर्षक अन्तर्गत कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा लेखिएका अन्य कुरा उल्लंघन गरेमा कसूरको मात्रा अनुसार पाँच हजार रूपैयादेखि पचासहजार रूपैयाँसम्म जरिवाना हुनेछ । यो व्यवस्थाले द्विविधा उत्पन्न गराउन सक्छ । त्यस्तो कसूरको तहकिकात मुद्दा दायरी कहाँ कसले गर्ने भनि निश्चित भएको पाइदैन । किनभने अनुसूची-१ अन्तर्गत सरकारवादी हुनका लागि ऐनको दफा ३७(१) ले निश्चित मापदण्ड निर्धारण गरी दिएको छ ।

प्रतिलिपि अधिकारको संरक्षण वृहत छ । यो नेपालसँग मात्र सीमित छैन । बर्न महासन्धिका १६० हस्ताक्षरकर्ता देश मध्ये नेपाल पनि छ र क्षेत्राधिकार पनि अन्तर्राष्ट्रिय स्तरसम्म नै फैलिएको छ । यसमा प्रक्रिया सम्बन्धी जटिलता उत्पन्न हुन सक्छन् । नेपालका अदालतहरूले क्षेत्राधिकारको प्रयोग गर्दा अन्तर्राष्ट्रिय सरोकार पक्ष रहेका विवादित विषय समाधानका लागि जटिलता हुन सम्भाव्य छन् । त्यसका लागि पारस्परिक सामञ्जस्यको ठोस आवश्यकता पनि बन्न सक्दछ ।

अनुसन्धानका क्रममा उठ्न सक्ने कतिपय विषयहरू मध्ये मौलिक रचनाकार सम्बन्धी विवाद जटिल हुन सक्छ । रजिष्ट्रारको कार्यालयमा सबै रचना दर्ता नै हुन पर्ने बाध्यकारी प्रावधानबाट उन्मुक्ति गरेको हुनाले मुद्दा चलेमा ठोस प्रमाण निकै विवादित पनि बन्न सक्दछ । वास्तविक रचनाकार यही हो भनि सबै विषयमा यकीन हुन नसक्ने स्थिति पनि संभव छन् । यसमा ऐनको परिच्छेद-४ अनुमति विना प्रतिलिपि अधिकार प्राप्त सामग्री प्रयोग गर्न पाइने अवस्थाको दुरूपयोग पनि हुन सक्दछ । अहिले कम्प्युटर प्रविधिहरूका माध्यमबाट पाइरेसी सहज र छद्म हुन सक्ने खतरा कायम छ । यसका लागि सजगता र जागरूकता आवश्यक छ । ऐन, कानून माध्यम हुन केवल प्रावधान भएर मात्र समाधान हुन सक्दैन । प्रायः कम प्रचलनमा रहने हुँदा ऐन नियमको कार्यान्वयन छानविन असहज हुन सक्ने सम्भाव्यतालाई दृष्टिगत गरी अझ बढी प्रभावी कार्यान्वयन आवश्यक लाग्दछ ।

*(प्रस्तुत लेख धनगढीमा आयोजित प्रतिलिपि अधिकार ऐन कार्यान्वयन सम्बन्धी तालीममा प्रस्तुत गरिएको थियो । यसमा उल्लेखित विचार लेखकका निजी हुन् । सम्पादक)*

# संगीत विधामा प्रतिलिपि अधिकार र सरोकारवाला पक्षहरूको भूमिका



भरत शाक्य
(महासचिव MRCSN)

मानिसले गरेको सिर्जनाका कारण मानव सभ्यताको विकास र प्रतिदिन आधुनिक सुविधाहरूको विकास हुँदै गएको हो । सबै मानिसले आम मानिसलाई प्रभाव पार्ने मौलिक सिर्जना गर्न सक्दैनन्, तर केही त्यस्ता मौलिक सिर्जना गर्ने व्यक्तिहरू समाजका लागि विशिष्ट, विशेष हुन्छन् । उनीहरूको त्यो सिर्जना नै उनीहरूको सम्पत्ति हुन्छ । त्यो सम्पत्ति उसको बौद्धिक सम्पत्ति हुन्छ । समाज, देशको गौरव, पहिचान पनि हुन सक्छ । अतः बौद्धिक सम्पत्तिका सर्जकको सम्मान, संरक्षण हुन आवश्यक छ ।

सामान्यतः साहित्य, कला विविध स्वरूप र संगीत सिर्जनालाई बौद्धिक सम्पत्तिको रूपमा सर्वत्र स्वीकार गरिएको छ ।

कुनैपनि सिर्जना सार्वजनिक भइसकेपछि त्यस्तो सिर्जनाको प्रतिलिपि अधिकार स्थापित हुन आवश्यक छ । प्रतिलिपि अधिकार स्थापित गर्नु भनेको सर्जकको आफ्नो स्वामित्व स्थापित गर्नु हो । त्यस्तो अधिकार स्वतः स्थापित हुन्छ र सर्जकहरू प्रतिलिपि अधिकारका धनी हुन्छन् । प्रतिलिपि अधिकार धनीलाई दुई प्रकारका अधिकार प्राप्त हुन्छन्ः- (१) नैतिक अधिकार र (२) आर्थिक अधिकार ।

नेपाली मौलिक संगीत सिर्जना हुन थालेको एक शतक भइसक्यो । विभिन्न चरणमा उतार चढाव पार गर्दै नेपाली संगीत आजको स्थितिमा छ । नेपाली संगीतको अन्तर्राष्ट्रिय पहिचान पनि छ । संगीत प्रतिको आकर्षण कहिँ कहिल्यै घटेको छैन । संगीत सर्जकहरूको संख्या कहि घटेको छैन । प्रविधि अनुरूप संगीतको रूप र सुन्ने तरिका फरक भए पनि संगीतका श्रोताहरूको संख्या कहिँ घटेको छैन । अन्तर्राष्ट्रिय अभ्यास भन्दा नेपाली संगीतको क्षेत्रमा भइरहेको अभ्यास फरक छ । नेपालमा गायक गायिकाको बाहुल्यता रहेको छ । अन्तर्राष्ट्रिय मान्यता अनुसार गायक गायिका प्रस्तोता हुन् । संगीत सिर्जनामा मूलतः गीतकार र संगीतकार मात्र सर्जक हुन् । अतः प्रतिलिपि अधिकार स्थापित गर्ने सन्दर्भमा गीतकार र संगीतकारहरूलाई नैतिक र हस्तान्तरण नगरूञ्जेल सम्पूर्ण आर्थिक अधिकार पनि प्राप्त छ, तर नेपालको सन्दर्भमा यस्तो व्यवहार त्यति सहज रूपमा कार्यान्वयन गर्न सकिने स्थिति छैन ।

गीत संगीतका श्रोताहरू घटेका छैनन् तथापि नेपाली संगीतको बजारको स्थिति भने धराशायी बनेको छ । करोडौं रूपैयाको लगानी छ तर प्रतिफल न्यून छ । केही वर्ष अघि क्यासेट, सीडीको बजार राम्रै थियो, अहिले छैन । एकातिर चोरीको कारणले बजार ध्वस्त भएको छ भने अर्कोतिर अत्याधुनिक प्रविधिले संगीतका श्रोतालाई सहज सुविधा प्राप्त छ । तर सर्जक र लगानी गर्नेहरूलाई टिक्न असम्भव हुँदैछ । यसले सिर्जनाको गुणस्तरमा नराम्रो असर पार्दैछ । तसर्थ संगीत सिर्जनाको क्षेत्रमा विकल्पको खोजी र समुचित संरक्षण, समाधानको उपाय अत्यावश्यक छ ।

संगीत क्षेत्रका सरोकारवाला पक्षहरू भन्नाले मूलतः निम्नानुसारलाई बुझिन्छ -

(क) गीतकार (ख) संगीतकार
(ग) गायक गायिका (घ) प्रकाशक
(ङ) उत्पादक (च) उपयोगकर्ता

अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो कानूनी व्यवस्था अनुसार गीतकार र संगीतकार (सर्जक) लाई पहिलो प्रतिलिपि अधिकार धनीका रूपमा, गायक गायिका (प्रस्तोता), अनि उत्पादक, प्रकाशकलाई दोश्रो प्रतिलिपि अधिकार धनीका रूपमा लिनुपर्ने हुन्छ । आर्थिक अधिकारको उपयोग र अंशको सम्बन्धमा यी अधिकार धनीहरूको अहं भूमिका रहन्छ । नैतिक अधिकारका साथै रोयल्टी (आर्थिक अधिकार) पाउने सर्जकलाई हुन्छ । उसले दोश्रो प्रतिलिपि अधिकार धनीलाई सम्पूर्ण आर्थिक अधिकार हस्तान्तरण गर्न सक्छ ।

उपयोगकर्ताहरूबाट सर्जक तथा प्रतिलिपि अधिकार धनीहरूले कुनै पनि संगीत सिर्जना सार्वजनिक रूपमा उपयोग गरेर व्यापारिक लाभ गरेको अवस्थामा रोयल्टीको रूपमा उक्त लाभको लाभांशको रूपमा पाउने अधिकार राख्दछन् । संगीतका उपयोगकर्ता भन्नाले सामान्य श्रोताहरू होइनन् कि सार्वजनिक रूपमा उपयोग गर्ने टेलिकम, रेडियो, टेलिभिजन, होटल, रेष्टुराँ, यातायातका साधन, सुपरमार्केट, सांगीतिक कार्यक्रम आयोजक, आयोजना स्थल, हल आदि पर्दछन् । हरेक सार्वजनिक उपयोगकर्ताले कुनै पनि संगीत सिर्जना उपयोग गर्नु अघि प्रतिलिपि अधिकार धनीहरूसँग स्वीकृति लिनुपर्ने र व्यापारिक लाभ गरेको अवस्थामा रोयल्टी सम्बन्धित सर्जकलाई बुझाउनु पर्ने कर्तव्य पालना गर्नु पर्ने हुन्छ ।

संगीत क्षेत्रका सरोकारवाला पक्षहरूबीच आ-आफ्नै छुट्टाछुट्टै अधिकार छन् । तर सबै पक्ष एक अर्काका परिपूरक पनि हुन् ।

संगीत सिर्जनाको सार्वजनिक उपयोग र रोयल्टी लिने र दिने सम्बन्धमा हरेक प्रतिलिपि अधिकार धनीहरू हरेक उपयोगकर्ताहरू कहाँ एक एक गीतका लागि पुग्न सक्ने स्थिति छैन, त्यसरी नै हरेक उपयोगकर्ता हरेक प्रतिलिपि अधिकार धनीकोमा रोयल्टी बुझाउन जान सक्ने अवस्था पनि हुँदैन । अतः सर्जकहरूको अथवा पहिलो अधिकार धनी गीतकार र संगीतकार अनि दोश्रो अधिकार धनी गायक गायिका र उत्पादक प्रकाशकहरूको छुट्टाछुट्टै रोयल्टी संकलन समाज गठन गर्ने र उपयोगकर्तासँग सहमतिमा त्यस्ता समाजले रोयल्टी रकम तोक्ने प्रचलन रहेको छ । संकलित रकम सम्बन्धित रोयल्टी संकलन समाजले आफ्ना सदस्यहरूलाई नियमानुसार वितरण गर्ने गर्दछन् ।

नेपालको सन्दर्भमा गीतकार र संगीतकारहरूको संगीत रोयल्टी संकलन समाज नेपाल, गायक गायिकाको नेपाल गायन समाज रहेको छ र उत्पादकहरूको संस्था गठन हुने प्रक्रियामा छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा दशकौंदेखि संगीतका सर्जकहरूलाई ससम्मान रोयल्टी उपलब्ध गराउने प्रचलन छ । यसले संगीत सिर्जना क्षेत्रमा लागेकाहरूको जीवनस्तर विशेषतः आर्थिक स्थिति अन्य पेशामाभन्दा माथि छ । संगीत सिर्जनाको स्तर पनि उच्च छ । तर अन्तर्राष्ट्रिय क्षेत्रमा स्थापित मान्यता थोरै समयमा तुरुन्तै स्थापित र पद्धतिको रूपमा विकास भएको होइन, त्यसका लागि निरन्तर प्रयास र लामो समय लागेको उदाहरण छ । सबैतिर सबै सरोकारवाला पक्षहरू एकीकृत रूपमा एकजुट भएर लागेर कानूनको पालना, नियमको अनुसरण र पद्धतिको अनुशासन कायम गरेर अघि बढेका छन् । हामीले पनि यो पाठ सिक्नु आवश्यक छ ।

नेपालको कानूनी स्थिति प्रतिलिपि अधिकार ऐन, २०५९ र प्रतिलिपि अधिकार नियमावली, २०६१ ले गरेको व्यवस्था सुधारका लागि ठाउँ भएपनि अन्य देशमाभन्दा निकै अनुकूल छ । अन्तर्राष्ट्रिय कानून र सन्धिहरूको पक्षमा हस्ताक्षर भएबाट पनि हामीकहाँ कानून पर्याप्त छ, तर कानूनको कार्यान्वयन पक्षमा भने हामी निकै कमजोर छौं । पछिल्लो समय कानूनको कार्यान्वयनका पक्षमा मन्त्रालय र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको पहलमा सकारात्मक प्रयास हुन खोजेको छ, तर कानूनको पालना गराउनु पर्ने निकाय, प्रहरी प्रशासनलाई संगीत क्षेत्रको प्रतिलिपि अधिकारबारे कम जानकारी छ । संगीत क्षेत्रका सरोकारवाला पक्षहरूसँगको सहकार्य हुन नसक्दा कानून उल्लंघन भइरहेका छन् । खुलेआम चोरीका कार्यहरू भइरहेका छन् । संगीत क्षेत्रको कानूनी स्थिति व्यवस्थित हुने नजीर स्थापित हुन सकेको छैन । प्रहरी प्रशासन, न्याय क्षेत्रबाट सकारात्मक सहयोग र सहकार्यको अपेक्षा गरिएको छ ।

नेपालमा संगीत क्षेत्रमा प्रतिलिपि अधिकार कानूनको पालना भएमा संगीत क्षेत्रका सर्जकहरू हरेकले अन्य पेशामा समर्पित भएर संगीतलाई सौखको रूपमा फुर्सदमा मात्र गर्ने काम बनाउने थिएनन् । आर्थिक रूपमा सबल भएमा संगीत क्षेत्रका सर्जकहरू स्तरीय सिर्जनामा मात्र एकाग्र भएर लाग्दा दूर भविष्यसम्मका लागि नौलो सिर्जना हुन सक्थ्यो । सामाजिक संरचना, जीवन पद्धतिमा स्तरीयता हुन्थ्यो, विशिष्ट राष्ट्रिय पहिचान बन्न सक्थ्यो ।

बौद्धिक सम्पत्ति, प्रतिलिपि अधिकार विषय नौलो हुनु दैनिक व्यवहारमा नहुनु ठूलो समस्याको रूपमा रहेको छ । अन्य क्षेत्रकालाई चासोको विषय नहुन सक्छ तर संगीत क्षेत्रका सर्जक र सरोकारवाला सबै पक्षलाई अल्पज्ञान र सचेतनाको कमिका कारण संगीत क्षेत्रमा परिणाममुखी उपलब्धि हासिल हुन सकेको छैन । कम समयमा अन्तर्राष्ट्रिय स्तर र राष्ट्रिय आवश्यकता पूरा गर्नुपर्ने बाध्यता छ तर राजनैतिक संक्रमण, आर्थिक अस्थिरता, अनियमितताको अवस्थामा सकारात्मक परिणामको आशा कमजोर स्थितिमा देखिन्छ ।

सरोकारवाला पक्षहरू सबैले सहकार्य गरी एकीकृत रूपमा कार्य गर्न सकेको खण्डमा सानो स्वरूपबाट व्यापकतातर्फ लाग्न सकिन्छ, त्यसका लागि सकारात्मक सोच, विश्वास र टीममा काम गर्ने अभ्यासको खाँचो छ । नेपालको सन्दर्भमा कतिपय अन्तर्राष्ट्रिय मान्यता व्यवहारिक नहुन सक्छन्, छैनन्, तर संगीत क्षेत्रमा नेपालले कतिपय दक्षिण र दक्षिण पूर्व एशिया तथा अन्य क्षेत्रमा उदाहरण पेश गर्न सक्छ ।

सरकारी र निजी दुबै क्षेत्रमा अन्तरक्रियात्मक सचेतना कार्यक्रम आवश्यक छ, अन्तर्राष्ट्रिय अनुभव, स्थानीय प्रयोग र इमान्दार प्रयोग पनि हुनुपर्छ । सबै पक्षको इमान्दार प्रयास हुनु आवश्यक छ । संगीत क्षेत्रका सरोकारवालाहरूको सक्रिय भूमिका विशेष महत्वपूर्ण छ, उदाहरणीय काम गरेर देखाउन अग्रसरता पनि त्यत्तिकै आवश्यक छ ।

*(प्रस्तुत लेख चितवनमा आयोजित क्षेत्रीय गोष्ठीमा लेखकले प्रस्तुत गर्नुभएको कार्य पत्र हो । यसमा उल्लेखित विचार लेखकका निजी हुन् । सम्पादक)*

## प्रतिलिपि अधिकार सम्बन्धमा क्षेत्रीय अन्तरक्रिया

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय र संगीत रोयल्टी संकलन समाजको संयुक्त आयोजनामा पूर्वाञ्चल क्षेत्रलाई लक्षित गरेर आयोजना भएको सुनसरी जिल्लाको इटहरीमा २०६८ पुस १७ गते "प्रतिलिपि अधिकार र रोयल्टी संकलन" विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । २ चरणमा सम्पन्न भएको यस कार्यक्रमको प्रथम चरणमा पूर्वाञ्चल क्षेत्रमा क्रियाशील ३० जना स्थानीय पत्रकार तथा सञ्चारकर्मीहरू सहभागी थिए । दोश्रो चरणको अन्तरक्रिया कार्यक्रम उक्त क्षेत्रका गीतकार, संगीतकार, गायक, साहित्यकार तथा कलाकारहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मूलतः प्रतिलिपि अधिकार बारे स्रष्टा, सर्जक, पत्रकार तथा रेडियो, टेलिभिजन प्रसारकलाई प्रतिलिपि अधिकारका विविध पक्षमा जानकारी गराउने उद्देश्यले आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार बिसु कुमार के.सी.ले प्रतिलिपि अधिकार, यसको महत्व, कानूनी प्रावधान तथा समस्या र सुधारका उपाय बारे कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । संगीत रोयल्टी संकलन समाज नेपालका महासचिव श्री भरत शाक्यले कुनै पनि रचनाको प्रतिलिपि अधिकार रचनाकारमा रहने भए तापनि रचनाकारहरूको स्वीकृति विना नै गीत संगीतको प्रयोग, प्रसारण र प्रस्तुत गर्ने गरेको र रोयल्टी प्रदान गर्ने नगरिएको, प्रस्तोता र प्रसारण संस्थाले प्रसारण गर्दा रचनाकारहको समेत नाम उल्लेख गर्ने नगरिएको आदि प्रतिलिपि अधिकार कानून विपरितका काम भइरहेको अवस्था दर्शाउनु भयो । यसले ती संस्थाहरूबाट स्रष्टा, सर्जकको नैतिक अधिकार समेतको उल्लंघन भइरहेको भनी जानकारी




गराउनु भयो । उहाँले आर्थिक अधिकारको कार्यान्वयन संगीत रोयल्टी संकलन समाजले गरिरहेको हुँदा रचनाकार, संगीतकारहरूलाई समाजको सदस्य बन्न अनुरोध समेत गर्नु भयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुतिपछि सहभागीहरूले क्रमशः आफ्नो टिप्पणी, प्रश्न, गुनासा र सुझावहरू दिनु भएको थियो । यसक्रममा प्रतिलिपि अधिकारको सम्मान र पालना सबैले गर्नु पर्ने, रोयल्टी संकलन र वितरणमा विश्वसनियता, एकरूपता र पारदर्शिता रहनु पर्ने, प्रसारण भएका गीतहरूको तथ्यांक रहनु पर्ने र प्रतिलिपि अधिकार क्षेत्रमा के गर्न हुने तथा के गर्न नहुने भन्ने विषयमा जानकारीमूलक तथा निर्देशनात्मक आचार संहिता तयार भई लागू हुनु पर्ने भन्ने कुरामा सहभागिहरू सहमत हुनु भएको थियो ।

कार्यक्रममा वरिष्ठ गीतकार नवराज सुब्बा र वरिष्ठ लोक गायक श्री लक्ष्मी जोशीले पनि मन्तव्य प्रकट गर्नु भएको थियो ।

## नयाँ प्रचार सामग्री उत्पादन




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार सम्बन्धमा सर्वसाधारण एवं सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले "प्रतिलिपि अधिकार" नामक पुस्तिका र "प्रतिलिपि अधिकारको सम्मान गरौ सिर्जनात्मक कामहरूको सम्बर्द्धन गरौं" भन्ने नारा उल्लेख गरिएको फ्लेक्स बोर्ड तयार गरेर वितरण गर्न थालेको छ । प्रतिलिपि अधिकार बारे सरल भाषामा तयार पारिएको पुस्तिकाको आवरण तथा मुद्रण पनि आकर्षक भएकाले सरोकारवालाहरूले रूचि दिएर पढ्ने छन् भन्ने कार्यालयले विश्वास गरेको छ ।

प्रतिलिपि अधिकार सम्बन्धी फ्लेक्स बोर्ड डिजाइन पनि आकर्षक छ । यसमा प्रतिलिपि अधिकार सम्बन्धी विभिन्न रचनात्मक कामहरूलाई प्रतिनिधित्व गर्ने सांकेतिक चित्रहरू पनि समेटिएका छन् । यो फ्लेक्स बोर्डको डिजाइन प्रसिद्ध डिजाइनर श्री अशोकमान सिंहले गर्नु भएको हो । प्रतिलिपि अधिकारसँग सरोकार राख्ने संघ, संस्था, निकाय तथा कार्यालयहरूमा यो फ्लेक्स बोर्ड राख्न पठाइने छ ।

## नोडल अधिकृतहरुलाई जानकारीमूलक सामग्री

नेपाल सरकारको निर्णय अनुसार हरेक जिल्लामा एकजना प्रहरी निरीक्षकलाई प्रतिलिपि अधिकार नोडल अधिकृतको रूपमा समेत काम गर्ने गरी तोकिएको छ । कार्यालयले प्रहरी निरीक्षकहरूलाई क्षेत्रीयस्तरमा तालीम कार्यक्रमको आयोजना गरेर प्रतिलिपि अधिकार सम्बन्धी ज्ञान र सीप प्रदान गर्दै आएको छ ।

यसै गरेर प्रतिलिपि अधिकार ऐन कार्यान्वयन परामर्श समितिको निर्णय अनुसार जिल्ला जिल्लामा कार्यरत प्रतिलिपि अधिकार नोडल अधिकृतहरूलाई उपयोगी हुने प्रतिलिपि अधिकार ऐन, नियम, पर्चा तथा ब्रोस्योरहरू पनि हुलाक मार्फत उपलब्ध गराइएको छ ।

## प्रतिलिपि अधिकार समन्वय समितिको बैठक

नेपाल सरकार सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयको मिति २०६८।६।२ को निर्णय अनुसार प्रतिलिपि अधिकार ऐन कार्यान्वयन परामर्श समिति गठन भएको थियो । सम्बद्ध निकायहरू बीच समन्वयन गरी प्रतिलिपि अधिकार ऐन कार्यान्वयनमा प्रभावकारिता ल्याउने यस समितिको उद्देश्य हो । समितिमा सरोकारवाला, सरकारी निकायका उच्च पदाधिकारीहरू र प्रतिलिपि अधिकारसँग सम्बद्ध संघ, संस्था तथा प्रतिष्ठानका उच्च तहका पदाधिकारीहरू सदस्य रहेका छन् । यो समितिको पहिलो बैठक गत २०६८ मार्ग २० गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा बसेको थियो ।

समितिको उक्त बैठकले सरकारी निकायहरूबाट प्रतिलिपि अधिकार पूर्ण पालना गर्न गराउन परिपत्र गर्ने र सरकारी सञ्चार माध्यमहरूलाई प्रतिलिपि अधिकार धनीको स्वीकृति र सहमति लिएर मात्र त्यस्ता रचनाहरू प्रयोग, प्रसारण र प्रकाशन गर्ने र प्रयोग भएको रचनावापत रोयल्टी दिन सूचना तथा सञ्चार मन्त्रालय मार्फत सूचित गर्ने र जिल्ला जिल्लामा तोकिएका प्रतिलिपि अधिकार नोडल अधिकृतहरूलाई आवश्यक जानकारीमूलक सामग्रीहरू उपलब्ध गराउने आदि महत्वपूर्ण निर्णय गरेको छ ।

## WIPO ले प्रतिलिपि अधिकार सम्बन्धी पुस्तक प्रकाशनमा सहयोग गर्ने

नेपाली भाषामा प्रतिलिपि अधिकार सम्बन्धी जानकारीमूलक पुस्तक (Hand Book) तयार गर्न विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) ले तत्परता देखाएको छ । यस्तो पुस्तिकामा प्रतिलिपि अधिकार सम्बन्धी आभारभूत कुराहरू, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू र नेपालको प्रतिलिपि अधिकार सम्बन्धी जानकारीहरू समेटिने छन् । यस सम्बन्धमा गत वर्ष नोभेम्भर २८ मा विश्व बौद्धिक सम्पत्ति संगठनका प्रतिनिधिहरू र नेपालका प्रतिलिपि अधिकार क्षेत्रका सरोकारवाला तथा विज्ञहरू बीच एक छलफल कार्यक्रम सम्पन्न भयो । उक्त छलफल कार्यक्रममा प्रतिलिपि अधिकार सम्बन्धी पुस्तिकामा समेटिनु पर्ने विषयवस्तुहरू र यसको संयोजन तथा प्रस्तुति बारेमा सहभागीहरूले विभिन्न सुझावहरू प्रस्तुत गर्नु भयो । कार्यक्रममा विश्व बौद्धिक सम्पत्ति संगठनका Consultant Mr. Manisekaran Amasi ले प्रस्तावित पुस्तिका नेपालको लागि उपयोगी हुने र WIPO ले अंग्रेजी भाषामा रहेका सामग्रीहरू नेपाली भाषामा अनुवाद गर्न सहयोग गर्ने भनी जानकारी गराउनु भएको थियो ।

# प्रहरी अधिकृतहरूलाई प्रतिलिपि अधिकार तालीम




नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले यही मिति २०६८ फाल्गुण ३ र ४ गतेका दिन कैलालीको धनगढीमा सुदूरपश्चिमाञ्चल क्षेत्रका विभिन्न जिल्लामा कार्यरत प्रहरी अधिकृत, भंसार अधिकृत तथा जिल्लाका सरकारी वकिल समेतलाई सहभागी गराई प्रतिलिपि अधिकारका विभिन्न पक्षमा ज्ञान र सीप दिने उद्देश्यले आवासीय तालीम सञ्चालन गरेको छ। प्रतिलिपि अधिकार ऐन, २०५९ लाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी नेपाल प्रहरीलाई भएको र त्यस सम्बन्धी मुद्दाहरूको तहकिकात र अनुसन्धान कम्तिमा प्रहरी निरीक्षक सरहको अधिकृतबाट हुनुपर्ने कानूनी व्यवस्था भएकोले उनीहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिएको थियो। यसका साथै प्रतिलिपि अधिकार हननका मुद्दा सरकारवादी हुने र अदालतको आदेशबाट मुद्दा किनारा लाग्ने व्यवस्था तथा प्रतिलिपि अधिकारयुक्त वस्तुको गैर कानूनी पैठारी रोक्ने अधिकार भंसार अधिकृतलाई दिइएको परिप्रेक्ष्यमा प्रहरी, सरकारी वकिल तथा भंसार अधिकृत लगायत कानून कार्यान्वयन गर्ने क्षेत्रका अधिकृतलाई समेत सहभागी गराउँदै कार्यक्रम आयोजना गरिएको थियो। कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कैलाशकुमार बजिमयको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको यस कार्यक्रमको अध्यक्षता सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष श्री रामलाल जोशीले गर्नु भएको थियो।

तालीम कार्यक्रमको शुभारम्भ गर्दै कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कैलाशकुमार बजिमयले मानवीय सिर्जनशीलतालाई संरक्षण गरी स्रष्टा तथा राष्ट्रकै संबृद्धिको स्तरमा सुधार गर्न सकिन्छ भन्नु भयो। उहाँले प्रविधिको परिवर्तनले प्रतिलिपि अधिकारको संरक्षणमा ठूलो चूनौति खडा गरेको हुनाले अधिकार संरक्षणका लागि सम्बन्धित निकायका अधिकृतहरूलाई अन्तर्राष्ट्रियस्तरको तालीमको समेत आवश्यकता रहेको कुरा औंल्याउनु भयो। कार्यक्रममा सुदूरपश्चिम साहित्य समाजका अध्यक्ष श्री रामलाल जोशीले स्रष्टाहरू प्रतिलिपि अधिकार सम्बन्धमा अनभिज्ञ नरहेको, यसको संरक्षणका लागि जनचेतना विस्तारका साथै कडा कानूनी कारवाही गर्नुपर्ने बताउँदै उहाँले सिर्जना गरेरै पनि धनी बन्न सकिने विभिन्न उदाहरणहरू प्रस्तुत गर्नु भयो।

कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत गर्दै रजिष्ट्रार बिसु कुमार के.सी.ले तालीम कार्यक्रमको उद्देश्य तथा महत्व माथि प्रकाश पार्नु भएको थियो। तालीम कार्यक्रमको आरम्भमा कैलाली जिल्लाका प्रहरी उपरीक्षक श्री बसन्त पन्त तथा वरिष्ठ सरकारी वकिल श्री परासर ढुंगाना ले पनि कैलाली जिल्लामा परेका प्रतिलिपि अधिकार उल्लंघनका मुद्दाहरू र कारवाहीको अवस्था बारे प्रकाश पार्दै तालीम कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो।

कार्यक्रममा वरिष्ठ अधिवक्ता श्री थानेश्वर भट्टले प्रतिलिपि अधिकार सम्बन्धी कानूनी व्यवस्था र विभिन्न सरकारी निकायको भूमिकाको बारेमा चर्चा गर्नुका साथै उहाँले प्रतिलिपि अधिकार ऐन, २०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ मा व्यवस्था गरिएका कानून तथा विभिन्न सन्धि सम्झौताहरूको बारेमा प्रशिक्षण गर्दै प्रतिलिपि अधिकार सम्बन्धी मुद्दाको अनुसन्धान कसरी गर्ने तथा मुद्दा दायरी प्रकृया कस्तो हुने विषयमा प्रकाश पार्नु भएको थियो।

यस तालीम कार्यक्रममा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारको परिचय, प्रकार, यसको प्रयोग र व्यवस्थापन, कानूनी र प्रशासनिक व्यवस्था बारे प्रशिक्षण दिनु भएको थियो। यसै गरेर रजिष्ट्रार के.सी.ले प्रतिलिपि अधिकारको अन्तर्राष्ट्रिय विकास र प्रतिलिपि अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय र अन्य व्यवस्था बारे पनि प्रशिक्षण दिनु भएको थियो। अहिलेको प्रविधिको विकास यसमा पनि डिजिटल प्रविधि तथा इन्टरनेटको सञ्जालको कारण प्रतिलिपि अधिकारको संरक्षण र व्यवस्थापन चूनौतिपूर्ण बनेको छ। यस विषयमा नेपाल प्रहरीका नायव महानिरीक्षक श्री महेश सिंह कठायतले सहभागीहरूलाई प्रशिक्षण दिनु भएको थियो। वहाँले कम्प्युटर तथा इन्टरनेटबाट हुने प्रतिलिपि अधिकारको उल्लंघन तथा पाइरेसी बारे जानकारी गराउँदै यसबारे अपनाउनु पर्ने सावधानीबारे पनि प्रकाश पार्नु भएको थियो।

नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका शाखा अधिकृत श्री नारायण प्रसाद अर्यालले नेपालमा Copyright Piracy को Nature and Trend , Piracy का कारण विश्वका प्रमुख देशहरूमा भएका नोक्सानी, पाइरेसीका प्रभाव, गीतसंगीत तथा चलचित्रमा पाइरेसीको अवस्था, पाइरेसीको कारण तथा Remedies का बारेमा सहभागीहरूलाई जानकारी गराउनु भएको थियो।

**पृष्ठ १ बाट**


कार्यक्रमको उद्घाटन सत्रमा विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) का Consultant Manisekaran Amasi ले यस कार्यक्रम मार्फत प्रतिलिपि अधिकार संरक्षण तथा व्यवस्थापनमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयलाई सहयोग गर्न पाएकोमा WIPO को तर्फबाट सन्तुष्टी व्यक्त गर्नु भयो। सो अवसरमा यस्तो सेमिनारको आयोजनाबाट नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको काम कारवाहीमा प्रभावकारिता आउने विश्वास लिएको छु भनी उहाँले भन्नु भयो।

कार्यक्रमको शुभारम्भमा प्रमुख अतिथि, अतिथि, विदेशी प्रतिनिधिहरू तथा सहभागीहरूको स्वागत गर्दै नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार श्री बिसु कुमार के.सी.ले प्रतिलिपि अधिकार सम्बन्धी व्यवस्थाको राम्रो कार्यान्वयन हुन सके सिर्जनात्मक उद्यम व्यवसायहरूको प्रबर्द्धन हुने र यसबाट देशको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुग्ने तथ्य बताउनु भयो। प्रतिलिपि अधिकार बारे सरोकारवालाहरूमा जिज्ञासा र चासो बढ्न थालेको परिप्रेक्ष्यमा आयोजित सो सेमिनार सान्दर्भिक र महत्वपूर्ण पनि भएको भन्दै उहाँले सहआयोजक संस्थाहरू र सहभागी तथा सहयोगीहरू प्रति आभार समेत प्रकट गर्नु भयो।

दुई दिने कार्यक्रममा नेपाल सरकारका सचिव श्री प्रताप कुमार पाठक, Lall & Sethi Advocates, New Delhi का Managing Partner, Mr. Chander Lall, Public Performance Malaysia Pvt. Ltd. (PPM), Kuala Lumpur का Chief Executive Officer, Tan Ngiap Foo, अधिवक्ता श्री सज्जनबर सिंह थापा लगायत स्थानीय एवं विदेशी विज्ञहरूद्वारा विभिन्न १० वटा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

कार्यक्रममा कार्यपत्र प्रस्तोताहरू तथा सहभागीहरू सबैले प्रतिलिपि अधिकारको कार्यान्वयन र विकासमा राज्यले छुट्टै नीति तथा कार्यक्रम बनाउनु पर्ने, प्रतिलिपि अधिकार बारे प्रयाप्त सचेतना बढाउनु पर्ने, सरोकारवालाहरूलाई यस सम्बन्धी ज्ञान र सीप हुनु पर्ने, पाइरेसी तथा प्रतिलिपि अधिकार कानून उल्लंघन गर्नेहरूलाई कारवाहीको दायरामा ल्याउनु पर्ने कुराहरूमा जोड दिनु भयो। कार्यक्रममा विश्व बौद्धिक सम्पत्ति संगठनका प्रतिनिधिले भविष्यमा पनि नेपालको प्रतिलिपि अधिकार सम्बन्धी व्यवस्थाको विकासका लागि आफ्नो संस्थाले सहयोग गरी रहने प्रतिबद्धता जनाउनु भयो। कार्यक्रमको समापनमा रजिष्ट्रार बिसु कुमार के.सी.ले कार्यक्रम उपयोगी र सार्थक भएकोमा खुशी जनाउँदै भविष्यमा हुने यस्ता कार्यक्रमहरूमा सहयोग गरी सफल बनाउन सबै पक्षहरूलाई आग्रह गर्नु भयो।

## २०६८ फाल्गुण ३० सम्मको रचना दर्ता




जम्मा रचना दर्ता: ८६१

## नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको अनुरोध

साहित्य, कला, ज्ञानविज्ञान लगायतका क्षेत्रमा मौलिक एवं बौद्धिक रूपले प्रस्तुत भएका रचना तथा ध्वनिअङ्कन, प्रस्तुति र प्रसारण जस्ता प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरूत्पादन एवं व्यवसाय गर्नु पूर्व प्रतिलिपि अधिकारधनीको अनुमति अनिवार्य हुने हुँदा कसैको रचना वा सिर्जनाजन्य वस्तुको उत्पादन एवं पुनरूत्पादन गर्दा प्रतिलिपि अधिकार-धनीको लिखित सहमति वा अनुमति लिएर मात्र गर्न आग्रह गर्दै प्रतिलिपि अधिकारको प्रयोगकर्तामा पनि सक्कली उत्पादनको मात्र प्रयोग गर्न हार्दिक अपिल गरिन्छ ।

अनुमति विना प्रतिलिपि अधिकारयुक्त वस्तुको उत्पादन, पुनरुत्पादन एवं व्यवसाय गरेमा एक पटकमा रू. एकलाखसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै सजायका अतिरिक्त क्षतिपूर्ति समेत तिर्नुपर्ने व्यवस्था प्रतिलिपि अधिकार ऐन, २०५९ मा रहेको छ ।

प्रतिलिपि अधिकारधनीको अनुमति विना विभिन्न प्रकारका गीत संगीतमा थपघट गरी अधिकारयुक्त रचनाको स्वरूपमा परिवर्तन गरी पुनरूत्पादन गरेकोमा सम्मानित पुनरावेदन अदालत पाटनवाट रोक लगाउने गरी अन्तरिम आदेश समेत जारी भइसकेको सन्दर्भमा अधिकारधनी, प्रयोगकर्ता एवं व्यवसायीहरूमा उपर्युक्त ऐनको प्रावधानहरूलाई ध्यान दिई प्रतिलिपि अधिकारयुक्त वस्तुको प्रयोगमा सचेत रहन अनुरोध गर्दछौं ।

नेपाल सरकार<br>सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय<br>नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

## सिर्जना दर्ताका लागि आवश्यक सामग्रीहरू

१. रचना एवं सिर्जना प्रति -२
२. नागरिकताको प्रतिलिपि प्रति -१
३. सम्बन्धित स्रष्टाको तस्वीर (PP Size Photo) प्रति-२
४. निवेदन फाराम साथ रू १०/- टिकट प्रति -१
५. दर्ता शुल्क रू १००/- (प्रत्येक रचनाको लागि)
६. ध्वनिअंकन उत्पादन दर्ताको लागि सम्बन्धित गीतकार, संगीकार र गायक/गायिकाहरुसँगको लिखित सम्झौताको प्रतिलिपिहरू समेत संगलग्न गर्नु पर्नेछ ।

## सम्पादकीय

### पुस्तक तथा कलाको प्रतिलिपि अधिकार संस्था

प्रतिलिपि अधिकार धनीहरूले आफ्नो प्रतिलिपि अधिकारको सामूहिक व्यवस्थापन गर्न सामूहिक व्यवस्थापन संगठन (Collective Management Organization -CMO) गठन गर्दछन् । यसलाई रोयल्टी संकलन संस्था पनि भनिन्छ । यस्तो रोयल्टी संकलन संस्थाको व्यवस्था पनि ऐनले नै गरेको छ । यस्तो संस्था एक विधामा एउटा भन्दा बढी स्थापना हुँदैनन् । आफ्ना सदस्यहरूको प्रतिलिपि अधिकारमूलक रचनाहरू प्रयोग गर्न अनुमति दिने, रोयल्टी दर निर्धारण गर्ने, प्रयोगकर्ताहरूबाट रोयल्टी संकलन गर्ने र प्रतिलिपि अधिकार धनीहरूलाई वितरण गर्ने, विदेशी मुलुकका रोयल्टी संकलन संस्थाहरूसँग पारस्परिक सहयोग सम्झौता गरी कार्य गर्ने आदि प्रमुख कामहरू यस्ता संस्थाहरूले गर्दछन् । हालसम्म संगीत रोयल्टी संकलन समाज नेपाल (MRCSN) स्थापना भै केही क्रियाकलापहरू अघि बढेका छन् । नेपाल गायन समाज दर्ता भएको छ र यसले सबै प्रस्तोताहरू कै प्रतिलिपि अधिकारको व्यवस्थापन गर्ने तयारी गर्दै छ । संगीत उद्यमीहरू पनि संस्था गठन गर्ने तयारीमा लागेका छन् तर कला सिर्जना, पुस्तक लेखन र यिनको प्रकाशन आदि विधाहरूमा भने अझै संस्था स्थापना गर्नेतर्फ पहल भएको छैन । प्रतिलिपि अधिकारको कार्यान्वयनमा यस्ता रोयल्टी संकलन गर्ने अथवा सामूहिक व्यवस्थापन संगठनहरूको भूमिका महत्वपूर्ण हुन्छ ।

लेखनी रचना वा मुद्रणको माध्यमबाट उत्पादन हुने रचनाहरूको रचनाकार र प्रकाशक बीच सम्झौता गरेर व्यक्तिगत रूपमा प्रतिलिपि अधिकारको व्यवस्थापन गर्न सम्भव भए पनि विभिन्न शैक्षिक संस्थाहरू, पुस्तकालयहरू तथा फोटोकपि ब्यवसाय गर्नेहरूबाट रोयल्टी उठाउन र प्रतिलिपि अधिकारको ब्यवस्थापन गर्न लेखक तथा प्रकाशक एक्लैलाई गाह्रो मात्र होइन सम्भव पनि हुँदैन । झन् अहिलेको डिजिटल प्रविधिबाट हुने रचनाहरूको ब्यापारमा त यो काम झन् जटिल भएको छ । यसैले लेखनी रचना वा मुद्रणको माध्यमबाट उत्पादन हुने रचनाहरूको रचनाकार र प्रकाशकको प्रतिलिपि अधिकार ब्यवस्थापन गर्न सामूहिक ब्यवस्थापन संगठन गठन हुन आवश्यक छ । यस्तो संस्थामा सबै प्रकारका पुस्तकका लेखकहरू, पत्रकारहरू, अनुवादकहरू, चित्रकार, मुर्तिकार, फोटोग्राफर, डिजाईनर लगायतका कलाकारहरू र यि रचनाहरूलाई प्रकाशन गर्ने प्रकाशन ब्यवसायीहरू आबद्ध हुन्छन् । पुनःउत्पादन अधिकार संगठन, रोयल्टी संकलन समाज पनि भनिने यस्तो संस्थाले मूलतः आफ्ना सदस्यहरूको साहित्यिक वा कलात्मक रचनाको फाटोकपि वा डिजिटल प्रविधिबाट पुनःउत्पादन गर्न अनुमति दिने र प्राप्त रोयल्टी बितरण गर्ने हो । यस बाहेक संस्थाले आफ्ना सदस्यहरूको रचना कहाँ कसरी प्रयोग भइरहेको छ भनेर अनुगमन गर्ने र प्रतिलिपि अधिकारको कार्यान्वयनको लागि समेत कामहरू गर्दछ ।

नेपालमा फोटोकपि गर्ने काम ब्यवस्थित नभएको र अहिले डिजिटल बिधिबाट पनि पुस्तक तथा अन्य रचनाहरूको व्यापार हुन थालेको सन्दर्भमा यो विधामा प्रतिलिपि अधिकारको ब्यवस्थापन गर्ने संस्थाको आवश्यकता बढ्दै गएको छ । यसको साथै लेखक, रचनाकार तथा प्रकाशकहरू बीच पनि प्रतिलिपि अधिकार तथा रचनाको रोयल्टी सम्बन्धमा गुनासाहरू र विवादहरू उठ्न नदिन दुवै पक्ष समावेश हुने यस्ता संस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । यसैले लेखक, रचनाकार कलाकार र प्रकाशकहरूले उल्लेखित उद्देश्य र काम गर्ने एउटा सामूहिक संस्था गठन गर्न ढिलो गर्नु हुँदैन । यस्ता संस्थाहरू गठन भै क्रियाशील नभै नेपालको प्रतिलिपि अधिकार ब्यवस्था पनि प्रभावकारी हुन सक्दैन ।

बिसु कुमार के.सी.<br>रजिष्ट्रार

**Nepal Copyright Registrar's Office**
Kalikasthan, Kathmandu, Nepal
Tel: 977-1-4431155, 4443750
Fax: 977-1-4431144, PO Box: 430
E-mail: info@nepalcopyright.gov.np
Web Page: www.nepalcopyright.gov.np

प्रतिलिपि अधिकार बुलेटिन नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयबाट निःशुल्क वितरण गरिन्छ । यस बुलेटिनका सम्बन्धमा यदि तपाईको कुनै जिज्ञासा वा सुझाव छ भने हामीलाई यस ठेगानामा सम्पर्क गर्न नबिर्सनु होला ।

Mail to:

All Photos by NCRO, © सर्वाधिकार : नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयमा सुरक्षित । प्रिन्टिङ :